कृष्णनगर नगरपालिका
कृष्णनगर, कपिलवस्तु ।
आ.ब. २०८१/८२ को

मिति:२०८१/०३/१०

# बजेट वक्तव्य

यस कृष्णनगर नगरपालिकाको बाह्रौं नगर सभाका आदरणीय सभाअध्यक्षज्यू, नगर सभाका सचिवज्यू, सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु, कर्मचारीज्यूहरु, सुरक्षाकर्मी एवं पत्रकारज्यूहरु ।

१. कृष्णनगर नगरपालिकाका आम नगरबासीको चाहना र हाम्रो क्षमता बीच सन्तुलन कायम गर्दै विकासको प्रतिफललाई संस्थागत गर्दै जान जनताको घरदैलोको सरकार, कृष्णनगर नगरपालिकाको यस बाह्रौं नगरसभा समक्ष आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मैले हर्षोल्लित अनुभूति गरेको छु ।

सभाका आदरणीय सभाअध्यक्षज्यू,

प्रस्तुत बजेट, नेपालको संविधान, प्रचलित ऐन नियम, दीगो विकासका लक्ष्य, सोह्रौं योजना, कृष्णनगर नगरपालिकाको आवधिक योजना तथा नगरबासीको सर्वोत्तम हित आदिलाई आधारको रुपमा लिई तयार भएको छ । अब म, आ.व. २०८१/०८२ को बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्य र प्राथमिकताहरुः**

आ.ब. २०८१/८२ को बजेटका उद्येश्य तथा प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् :

१. सडक, सिँचाई, खानेपानी, शिक्षा तथा स्वास्थ्य ढल निकास तथा शहरी पुर्वाधारको विकास मार्फत नगरबासीको जीवनस्तरमा सुधार गर्नु,

२. कृषि तथा पशुजन्य उत्पादनमा बृद्धिमार्फत आय आर्जनको क्षेत्र विस्तार गर्दै आर्थिक विकास हासिल गर्नु,

३. सीप तथा दक्षता बृद्धि, रोजगारी सृजना, सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम मार्फत सामाजिक समावेशीकरण हासिल गर्नु

४. स्रोत, साधन र अवसरको उच्चतम तथा उत्पादनमुखी उपभोग मार्फत नगरपालिकालाई आत्मनिर्भर बनउने,

५ प्रविधिमैत्री सेवा प्रवाह, सुशासनयुक्त, जनमैत्री तथा विकासमुखी प्रशासन मार्फत लोक कल्याणकारी सेवाको विस्तार ।

आदरणीय नगरसभाका सभाअध्यक्ष ज्यू,

आ.व. २०८१/८२ को बजेट श्रोत तथा खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. चालू आ.ब. २०८०/८१ को लागि कूल ६८ करोड ९९ लाख ८६ हजार १२५ बजेट अनुमान भएकोमा आ.ब. २०७९/८० को थप अल्या र बैंक मौज्दात रु २० करोड १९ लाख २७ हजार गरी रु ८९ करोड १९ लाख १३ हजार १२५ संशोधित आय अनुमान गरिएकोमा मिति २०८१ असार ०८ गते सम्म रु ७४ करोड ७५ लाख ६८ हजार १८० रुपैयाँ वास्तविक आय हुन आएको छ । यो कूल प्रक्षेपित आयको १६ दशमलब १९ प्रतिशत अर्थात् रु १४ करोड ४३ लाख ४४ हजार ९४५ रुपैयाँ ले कमी हो ।

२. चालू आ.ब. को कूल बजेटको स्रोतहरु मध्ये संघीय सरकारको अनुदान तर्फ मिति २०८१।०३।०७ गते सम्म चालू तर्फ रु ३१ करोड ३४ लाख ०६ हजार ०६१ र पुँजीगत तर्फ रु १८ करोड ३८ लाख ६२ हजार ८७८ गरी कूल रु ४९ करोड ७२ लाख ६८ हजार ९३९ ( ५५ दशमलब ७५ प्रतिशत) यथार्थ खर्च भएकोछ ।

३. आन्तरिक राजश्व तर्फ चालू आ.ब.को लागि २ करोड ६० लाख आय अनुमान गरिएकोमा २ करोड ३५ लाख ७९ हजार ८५७ आन्तरिक राजश्व प्राप्त भएको छ जुन अनुमानित आयको ९ दशमलब ३० प्रतिशतले कमि हो ।

आदरणीय सभाकासभा अध्यक्षज्यूहरु,

४. अब म, कृष्णनगर नगरपालिकाको गत वर्षको यर्थाथ आय, चालू आ.ब.को संशोधित आय र आगामी आ.ब. २०८१/८२ को संशोधित आय/व्यय यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**आय तर्फः**

आगामी आ.ब.२०८१/८२ मा संघीय सरकारबाट रु ६२ करोड ९१ लख ८६ हजार, लुम्बिनी प्रदेश सरकारबाट रु ४ करोड २८ लाख ५० हजार र आन्तरिक आय (

सडक बोर्ड र जिल्ला समन्वय समिति तर्फ रु ५ करोड २० लाख गरि कूल ७१ करोड ४० लाख ३६ हजार को आय हुने अनुमान गरेको छु।

| आय स्रोत | आ.ब.२०७९/८० को यथार्थ रु. | आ.ब.२०८०/८१ को संशोधित आय रु. | आ.ब २०८१/८२ को अनुमानित रु. | कैफियत |
|---|---|---|---|---|
| **संघीय समानीकरण** | १६८५३५०००.०० | ११६८७१४७०.०० | १६०३००००० | |
| शसर्त चालु | २४९१७८०००.०० | २६२८४१५००.०० | २६६३८६००० | |
| समपुरक | १००००००० .०० | ५००००००.०० | १५०००००० | |
| शसर्त पुजीगत | ३६७६३२००.०० | १०४०००००.०० | १००००००० | |
| राजश्व बाँडफाँड | ९५७९८८८९.०० | ९५७५४०००.०० | १३७५००००० | |
| विषेश | १४००००००.०० | १३६०८०७०.०० | ३०००००००० | |
| जम्मा | **५७४२७५०८९.००** | **५०४४७५०४०.००** | **६१९१८६०००.००** | |
| **प्रद्रेश समानीकरण** | १०३१००००.०० | ८९६४०००.०० | ११४२५००० | |
| शसर्त चालु | ११००००००.०० | २१५००००.०० | २००००० | |
| समपुरक | १९४६३८४९.०० | १५००००००.०० | १०५००००० | |
| शसर्त पुजीगत | ०.०० | ९५०००००.०० | १०५००००० | |
| राजश्व बाँडफाँड | ११३९४५२३.०० | ११४६९७१८.०० | ८२२५००० | |
| विषेश | ७००००००.०० | १५०००००.०० | २०००००० | |
| जम्मा | **५९१६८३७२.००** | **४८५८३७१८.००** | **४२८५००००.००** | |
| **आन्तरिक आय** | २९७६६११५.०० | २६००००००.०० | ३२५००००० | |
| चालू आ ब अल्या | १५४३२४०५१.०० | २२४९२१०२२.०० | १००००००० | |
| सडक बोर्ड | ४२०००००.०० | ४४२८७५५.०० | ४५००००० | |
| जिल्ला समन्वय समिति | १०३१४८२९.०० | ६००००००.०० | ५००००००० | |
| जम्मा | **१९८६०४९९५.००** | **२६१३४९७७७.००** | **५२००००००.००** | |
| **कूल** | **८३२०४८४५६.००** | **८१४४०८५३५.००** | **७१४०३६०००** | |

## व्यय तर्फः

| विवरण | आगामी आ ब २०८०/८१ व्यय रु. |
|---|---|
| चालू प्रशासनिक खर्च, कर्मचारी तथा पदाधिकारीको सेव सुविधा, करार सेवा शुल्क, कार्यालय व्यवस्थापन आदि | १४,०१,०४,००० |
| वडा तर्फ | ९,६०,००,००० |
| विषयगत शाखा/नगरपालिका तर्फ | ५,७६,४६,००० |

| | |
|---|---|
| शिवराज अस्पताल तथा प्रकोप व्यवस्थापन तर्फ | १०,००,००० |
| शसर्त समपुरक र विशेष अनुदान अन्तर्गत चालू तथा पुँजीगत क्षेत्रमा हुने खर्च चालू वर्षको दायित्व आदि | ५,७२,००,००० |
| संघीय र प्रदेश सशर्त, समपुरक र विषेश अनुदान आदि | ३५,४०,८६,००० |
| **जम्मा** | ७१,४०,३६,००० |

आ.ब. २०८१/८२ को लागि नगरपलिका तथा वडा स्तरमा तोकिएको सीमा भित्र रहेर योजना तथा कार्यक्रम तर्जुमा गर्दा विषयगत क्षेत्रमा देहाय बमोजिमको प्रतिशतले रकम निर्धारण गरेर कार्यक्रम तथा योजना बनेको अनुमान गरेको छु ।

तपसील:

| सि नं. | विषयगत क्षेत्र | प्रतिशत |
|---|---|---|
| १ | आर्थिक विकास | १० प्रतिशत |
| २ | सामाजिक विकास | १५ प्रतिशत |
| ३ | पूर्वाधार विकास | ६० प्रतिशत |
| ४ | वन तथा वातावरण संरक्षण | ८ प्रतिशत |
| ५ | सुशासन प्रवर्द्धन | ७ प्रतिशत |
| | **कूल** | **१०० प्रतिशत** |

प्रस्तुत बजेट भित्र समेटिएका योजना तथा कार्यक्रमहरु छुट्टै अनुसूचीमा व्यवस्था गरिएको छ ।

आदरणीय सभाका अध्यक्षज्यूहरु,

अब म आ.व. २०८१/८२ को लागि आर्थिक विधेयक प्रस्तुत गर्ने अनुमति दिन चाहन्छु ।

धन्यबाद ।

कृष्णनगर, असार महिना १० गते २०८१ साल रोज २ मा शुभम् ।

आरती चौधरी

आरती देवी चौधरी

नगर उप-प्रमुख